For Nepali By Nepali

नेपालीका लागि नेपाली

# NRNA NCC NETHERLANDS
# गैरआवासीय नेपाली संघ, नेदरल्याण्ड

## प्रगति विवरण

# १८ औं वार्षिक साधारण सभा

19 August 2024

AMSTERDAM



# गैरआवासीय नेपाली संघ

राष्ट्रिय समन्वय परिषद नेदरल्याण्ड

गैरआवासीय नेपाली संघ, नेदरल्याण्डको १८ औं साधारण सभामा महासचिव श्री सावित्री पौडेल (साबु) द्वारा प्रस्तुत प्रगति प्रतिवेदन।

१९ अगष्ट २०२४, आमस्टरडाम नेदरल्याण्ड

गैरआवासीय नेपालीहरुले आर्जन गरेको ज्ञान, सिप र पुजिंलाई नेपालको संमृद्धिमा सयोग पुर्याउने उद्धेश्य र गैरआवासीय नेपालीहरुको हक हित रक्षा र संवर्धन गर्ने उद्देश्यले स्थापीत गैरआवासीय नेपाली संघ अन्तराष्ट्रिय समन्वय परिषद र गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद नेदल्याण्डको समेत स्थापना भएको करिव २ दशक भै सकेको छ । विभिन्न समयमा नेपालमा आइपर्ने प्राकृतिक प्रकोप र मानव कल्याणकारी काममा पनि गैरआवासीय नेपाली संघको ठुलो सहयोग रहंदै आएको कुरा हजुरहरुलाई विधितनै छ। नेदरल्याण्डको नेपाली डायस्पोराले आफ्नो सीमित साधन र श्रोतका बावजुद पनि यस संस्थाले स्थापना कालदेखि अहिले सम्म धेरै काम गरेको छ। यसका लागि यस संघका संस्थापक अध्यक्षज्यु, पुर्व अध्यक्षज्यूहरु, निवतर्मान अध्यक्षज्यु, आइसीसी सदस्यज्युहरु र विभिन्न तह र तप्कामा रहेर विभिन्न कालखण्डमा यस संघलाई योगदान पुर्याउनु भएकोमा सम्पुर्ण पंजिकृत सदस्यहरु सवैलाई उच्च सम्मानका साथ नमन गर्न चाहान्छु।

गैरआवासीय नेपाली संघ नेदरल्याण्डको २०२३–२०२५ कार्यकालको पहिलो वर्षमा भए गरेका काम, गतिविधीहरु र उपलब्धीहरु यस गरिमामय सभामा प्रस्तुत

गर्न पाउँदा आफुलाई गौरवान्वित महसुस गरेको छु। र यसका लागि यहाँहरु समक्ष अनुमति माग्न चाहान्छु।

सभापति महोदय,

सीमित साधन, श्रोत र विदेशको अत्यन्तै व्यस्त समयका बावजुद पनि हामीले हाम्रो सामुहिक विवेकको प्रयोग गरेर अत्यन्तै मितव्ययी भई विधिसंवत तरिकाबाट कार्यहरुसम्पादन गर्दै आइरहेका छौं। हामीले गरेका कामहरु यहाँहरु समक्ष क्रमिक रुपमा प्रस्तुत गर्न चाहान्छु।

१- **सहमतिमा १० औं राष्ट्रिय अधिवेसन सम्पन्न**

गैरआवासीय नेपाली संघ, नेदरल्याण्डको २४ जुलाई २०२३ का दिन संपन्न १० औं अधिवेसन बाट श्री थानेश्वर कँडेलको अध्यक्षतामा नेपाली डायस्पोरा नेदरल्याण्डको आम सहमतिमा सर्वसम्मत रुपमा नेतृत्व चयन भएको थियो। यसका लागि अघिल्लो कार्यसमिति, यस संस्थाका अग्रजहरु र सवै सरोकारवाला संघसंस्था, व्यक्ति तथा समुदायलाई हार्दिक धन्यबाद तथा आभार व्यक्त गर्न चाहान्छौं।

२- **बरबुझारथ**

अघिल्लो समितिबाट २ अगष्ट २०२३ मा बरबुझारथ संपन्न भयो। उक्त दिनबाट वर्तमान समितिले आधिकारीक रुपमा कार्यसम्पादन गर्दै आइरहेको छ।

# गैरआवासीय नेपाली संघ

राष्ट्रिय समन्वय परिषद नेदरल्याण्ड

### ३- **संरक्षक तथा सल्लाहाकार परिषद गठन**

गैरआवासीय नेपाली संघ नेदरल्याण्डका पुर्व अध्यक्ष श्री नारायण प्रसाद आचार्य प्रमुख संरक्षक सहित पुर्व अध्यक्षहरु, आइसीसी सदस्यहरु र दशौं अधिवेसनको बन्द सत्रको प्रस्ताव अनुरुप समाजसेवी श्री पदम बहादुर क्षेत्री (रामचन्द्र) सहित ८ सदस्यीय संरक्षक परिषद गठन गरियो। त्यस्तै गरि संघलाई विभिन्न तरिकाबाट योगदान पुर्याउदै आइरहनुभएका नेदरल्याण्ड स्थित विभिन्न नेपाली संघसंस्थाका अध्यक्षहरु तथा सामाजिक व्यक्तित्वरु संम्मिलित ११ सदस्यीय सल्लाहकार परिषद गठन गरियो। प्रमुख संरक्षक, संरक्षकहरु र सल्लाहकारहरुको नामावली अनुच्छेदमा राखिएको छ।

### ४- **हरितालिका तिज पर्व २०२३ आयोजना**

नेपाली महिलाहरुको साँस्कृतिक पर्व हरितालिका तिज पर्व ११ सेप्टेम्बर २०२३ का दिन विगतका वर्षहरुमा जस्तै भव्य र सभ्यरुपमा आयोजना गरियो। कार्यक्रममा तत्कालिन नेपाल सरकारका शहरी विकास मन्त्री माननीय सिता गुरुंगको प्रमुख आतिथ्यता रहेको थियो। कलाकार रिता केसीको साँस्कृतिक प्रस्तुती रहेको उक्त कार्यक्रममा करिव चार सय जना गैरआवासीय नेपालीहरुको सहभागिता रहेको थियो। कार्यक्रमको संयोजन महिला संयोजक सरोजा ढकाल गिरीले गर्नु भएको थियो। यस कार्यक्रम सफल पार्न आर्थिक तथा सवै खालको सहयोग गर्नु हुने सवैमा हार्दिक धन्यबाद तथा आभार व्यक्त गर्न चाहान्छौं । उक्त कार्यक्रमबाट १३३५ युरो ५० सेन्टस बचत भएको थियो। उक्त रकम र यो वर्षको तिज कार्यक्रमबाट हुन आउने वचतबाट नेपालमा महिला हक अधिकार र उत्थानको लागि काम गरिने छ।

# गैरआवासीय नेपाली संघ

राष्ट्रिय समन्वय परिषद नेदरल्याण्ड



५- **नेपाल डे २०२३ मा सहयोग एवं सहभागिता**

मिति १० सेप्टेम्बर २०२३ मा नेपाली दुतावास बेल्जियम, एनडिए, एनएमएफ द्वारा संयुक्त रुपमा आयोजना गरिएको नेपाल डे मा गैरआवासीय नेपाली संघ नेदरल्याण्डले ५०० युरो सहयोग तथा सहभागिता जनाईयो।

६- **गैरआवासीय नेपाली संघ अन्तराष्ट्रिय समन्वय परिषदको विश्व सम्मेलन**

गैरआवासीय नेपाली संघ अन्तराष्ट्रिय समन्वय परिषदको विश्व सम्मेलनमा नेदरल्याण्डबाट भौतिक तथा भर्चुअल गरेर आधिकारीक रुपमा ५२ जना प्रतिनिधीहरुले सहभागिता जनाउनु भएको थियो।

**७- दशै-तिहार, छठ र नेपाल संम्वत कार्यक्रम २०२३ आयोजना**

नेपालीहरुका राष्ट्रिय पर्वहरु विजयादशमी तथा दिपावली, छठ र नेपाल संम्वत भव्य रुपमा मनाइयो। करिव तिन सय जना गैरआवासीय नेपालीहरुको उपस्थिती रहेको उक्त कार्यक्रममा शुभकामना आदान प्रदान तथा नेपाली कला, संस्कृतिको संर्वद्धन, जगेर्ना तथा दोश्रो पुस्ताका जुनियर गैरआवासीय नेपालीहरुका विच परिचय भएको छ। नेपालका ख्याति प्राप्त कलाकार श्री राजु लामा तथा तुलसी सिवाकोटीले कार्यक्रममा साँस्कृतिक प्रस्तुती दिनु भएको थियो।



**८- वेवसाइट निमार्ण**

गैरआवासीय नेपाली संघका गतिविधीहरुलाई चुस्त, दुरुस्त र पारदर्शी बनाउनको लागि यस समितिको वेवसाइट, www.nrna.nl, निमार्ण गरिएको छ। संघका गतिविधीहरुलाई यस वेव मार्फत सार्वजानिक गर्दै आइराखिएको छ। साथै वेवसाइटको इमेल मार्फत यस संघका सुचना, गतिविधी र काम कारवाहीहरु सवै पंजिकृत सदस्यहरु र सरकोकारवाला निकायहरुलाई संप्रेषित गरिदैं आईराखिएको छ।

**९- नेपाली कन्सुलर सेवा संचालन**

नेपाली दुतावास बेनेलक्स, नेपाली कन्सुलर नेदरल्याण्ड र गैरआवासीय नेपाली संघ नेदरल्याण्डको संयुक्त पहलमा नेदरल्याण्डमा राहदानी तथा कन्सुलर सेवा प्रदान गर्दै आइराखिएको छ। अहिले सम्म १० अक्टोबर २०२३ र ५ मार्च २०२४ मा दुई चरणमा संपन्न गरियो । आवश्यकता अनुरुप यो सेवा आगामी दिनमा पनि संचालन गरिने छ ।



**१०- कार्यकाल २०२३-२०२५ को कार्ययोजना निर्माण**

गैरआवासीय नेपाली संघ नेदरल्याण्डले संस्थाका अग्रजहरु, नेदरल्याण्ड स्थित सवै नेपाली संघसंस्था, समुदाय र एनआरएनएनका पंजिकृत सदस्यहरुसंग परामर्श गरि संस्थाको उद्धेश्य प्राप्तिको लागि गैरआवासीय नेपाली संघ नेदरल्याण्ड २०२३-२०२५ को कार्ययोजना तथा रणनिति तय गरेर, सोहि अनुसार वार्षिक क्यालेण्डर निर्माण गरि आफ्ना कार्यक्रम र गतिविधिहरु संचलान गर्दै आइरहेका छौं। कार्ययोजना अनुसुचिमा संलग्न गरिएको छ।

**११- ११४ औं अन्तराष्ट्रिय महिला दिवस मनाइयो**

विगतमा जस्तै ११४ औं अन्तराष्टिय महिला दिवस १० मार्च २०२४ मा आमस्टरडाममा मनाइयो । महिला संयोजक श्रीमती सरोजा ढकाल गिरीले उक्त कार्यक्रमको संयोजन गर्नु भएको थियो। उक्त कार्यक्रममा संकलित ५५० युरो देवघाटमा रहेको **रोटरी करुणालय वृद्धाश्रम तथा थाहा सदावर्तमा** सहयोग गरिएको थियो।



**१२- एनआरएन र एनएफन विच एमओयु संपन्न**

नेपालमा सामाजिक काम गरिहेका डच संस्थाहरुको महासंघ एनएफन र गैरआवासीय नेपाली संघ, नेदरल्याण्डका विच हरेक वर्ष नेपाल कंग्रेस / नेपाल डे संयक्त रुपमा आयोजना गर्ने, डच कन्सुलरलाई काठमाण्डौमा पुःन सुचारु गर्ने र नेदरल्याण्डमा नेपाल हाउस स्थापना गर्नको लागि संयुक्त पहल गर्ने सहमति भै द्धिपक्षिय रुपमा हस्ताक्षर भएको छ।

**१३- वान एनसीसी वान प्रोजेक्ट**

गैरआवासीय नेपाली संघ, नेदरल्याण्डको निर्णय बमोजिम यो कार्यकालको वान एनसीसी वान प्रोजेक्ट नेपालमा २०२३ मा गएको विनासकारी भुकम्प बाट प्रभावित कर्णाली क्षेत्रमा संचालन गर्ने निर्णय गरियो। उक्त कार्यक्रमको सहयोगार्थ नेपाली नयाँ वर्ष २०८१ को उपलक्ष्यमा शुभकामना आदान प्रदान कार्यक्रम एवं च्यारिटी डिनरको आयोजना गरियो । अप्रिल १५, २०२४ का दिन सम्पन्न उक्त च्यारिटी डिनर मार्फत १२९० युरो संकलन भएको छ। च्यारिटि डिनरमा उपस्थित भएर सहयोग गर्नु हुने सम्पुर्ण व्यवसायी र नेपाली समुदाय साथै सुपथ मुल्यमा स्तरिय सेवा प्रदान गर्नु भएकोमा दिवाली रेष्टुरेन्ट आम्सटलफिनलाई विषेश धन्यबाद ज्ञापन गर्दछौं ।

**१४- नेपाल डे / नेपाल कंग्रेस २०२४ आयोजना**

१५ जुन २०२४ का दिन गैरआवासीय नेपाली संघ नेदरल्याण्ड र नेपाल फेडेरेसी नेदरल्याण्डको संयुक्त आयोजनामा, Communication & Collaboration Theme मा नेपालमा सामाजिक काम गरिरहेका नेदरल्याण्ड स्थित सामाजिक

संस्थाहरु र गैरआवासीय नेपालीहरुको सहभागितामा नेपाल डे / नेपाल कंग्रेस २०२४ संपन्न भएको छ। उक्त कार्यक्रममा नेपाली दुतावास बेल्जियमका महामहिम राजदुत गेहेन्द्र राजभण्डारीको प्रमुख आतिथ्यता र नेपाली कन्सुलर कास ड स्टोपलारको विशिष्ट उपस्थिती रहेको थियो। उक्त दिन विभिन्न चरणमा भएका प्यानल छलफलबाट आगामी रुपमा अझै प्रभावकारी ढंगबाट आपासी समन्वय र सहयोग गर्ने निति तय भएको थियो।



**१५- कलेक्टिभ प्रचेज एग्रिमेन्ट सम्पन्न**

नेदरल्याण्डमा रहेका नेपाली व्यवसायीहरु र थोक वितरक कम्पनीहरु सिलिग्रो र हाइनिकेन विच विभिन्न चरणका छलफल र परामर्श पश्चात नेपाली व्यावसायीहरुले उल्लेख्य मात्रामा सहुलियत प्राप्त गर्ने गरि कलेक्टिभ प्रचेज

एग्रिमेन्ट गरिएको छ। यस संझौता बमोजिम सामुहिक प्रचेजको एक प्रतिशत वोनस गैरआवासीय नेपाली संघ नेदरल्याण्डलाई प्राप्त हुनेछ।

**१६- चौंथो एभरेष्ट कप फुटवल प्रतियोगिता**

१ जुलाई २०२४ का दिन आमस्टरडाममा एभरेष्ट कप फुटवल प्रतियोगिता संपन्न भएको छ। एनवाइएन र गैरआवासीय नेपाली संघ नेदरल्याण्डको संयुक्त आयोजनमा उक्त कार्यक्रमम संपन्न भएको थियो । युरोपेली मुलुकका विभिन्न देशबाट उक्त प्रतियोगितामा सहभागिता रहेको थियो । उक्त कार्यक्रम संपन्न गर्नको लागि संघले १५ सय युरो र संघको अनुरोधमा गोर्खा वियरले तेश्रो पुरस्कार स्वरुप एक हजार युरो सहयोग गरेको थियो। सहयोगि सबैमा हार्दिक धन्यवाद ग्यापन गर्न चाहान्छौं।



**१७- काठमाण्डौमा डच कन्सुलर सेवा पुनर्स्थापनाका लागि पहल**

नेदरल्याण्ड सरकारले काठमाण्डौमा दिदै आएको कन्सुलर सेवा हाल स्थगित गरि नयाँ दिल्लीमा सारेको कारण नेपाली सेवाग्राहीहरुलाई पर्न गएको असुविधलाई मध्यनजर गर्दै उक्त सेवालाई पु:न सुचारु गर्नको लागि तत्कालिन नेपाल सरकारका परराष्ट्रमन्त्री माननीय एन पि साउदलाई गैरआवासीय नेपाली संघ नेदरल्याण्डको तर्फबाट ज्ञापन पत्र बुझाइयो। माननीय मन्त्री ज्यूबाट आवश्यकता अध्ययन गरि कामकारवाही अगाडि बढाउने प्रतिवद्धता व्यक्त गर्नु भएको थियो।

१८- **डच अल्पाइन क्लवका पर्वतारोहीहरुको सम्मानमा डिनर आयोजना**

विभिन्न समयमा नेपालका पर्वतहरुको सफल आरोहण गर्नू भएका डच आरोहीहरुको संस्था अल्पाइन क्लव नेदरल्याण्डका सदस्यहरुको सम्मानमा डिनर कार्यक्रम आयोजना गरियो। नेपाली राजदुत र नेपाली कन्सुलर समेतको उक्त डिनरमा उपस्थिती रहेको थियो। नि:शुल्क डिनरको व्यवस्था गर्नु हुने अशोका रेष्टुरेन्टलाई विषेश धन्यबाद ज्ञापन गर्दछौं।

सभापति तथा सभासद ज्युहरु,

संस्थालाई सक्रिय तथा चलायमान र उत्पादक बनाउनको लागि यो एक वर्षको समयमा १६ पटक कार्यसमितिको वैठकको आयोजना गरिएको छ । सकेसम्म सवैको भावनाहरुलाई संवोधन गरेर अगाडि बढ्ने प्रण गरेका छौं । सीमिति

श्रोत, साधान र समयका कारण पनि हामीले सन्तोषप्रद कार्यसम्पादन गर्न सक्यौं भन्ने महसुस गरेको छु।
अव मैले यो प्रतिवेदनलाई अनुमोदनका लागि हजुरहरु समक्ष पेश गर्दछु। साथै यहाँहरुलाई कुनै जिज्ञासा तथा अस्पस्टता महसुस भएको भए आफ्ना प्रश्नहरु राख्न पनि अनुरोध गर्दछु।

नमस्कार
सावित्री पौडेल (साबु)
महासचिव
गैरआवासीय नेपाली संघ, नेदरल्याण्ड
मिति १९ अगष्ट २०२४

गैरआवासीय नेपाली संघ

राष्ट्रिय समन्वय परिषद नेदरल्याण्ड

**अनुच्छेद - १**

**संरक्षक परिषद**

प्रमुख संरक्षक - भू.पु. अध्यक्ष साथै वर्तमान केन्द्रिय उपाध्यक्ष नारायण प्रसाद आचार्य

संरक्षक- भू.पु. अध्यक्ष कृष्ण राज अधिकारी

संरक्षक- भू.पु. अध्यक्ष हिमाल गुरुङ

संरक्षक- भू.पु. अध्यक्ष ठाकुर प्रसाद शर्मा (मनोहरि)

संरक्षक - भू.पु. आइ सी सी सदस्य शारदा बराइली

संरक्षक - भू.पु. आइ सी सी सदस्य  फणिन्द्र पन्त

संरक्षक- नि.ब. आइ सी सी सदस्य टिकाराम सापकोटा

संरक्षक - समाजसेवी पदम बहादुर क्षेत्री (रामचन्द्र)

**सल्लाहाकार परिषद**

१) प्रेम जंग गुरुङ्ग

२) उत्तम  कंडेल

३) केशव राज पाण्डे

४) बिक्रम बानिया

५) बिष्णु पोखेल

६) अशोक पराजुली

७) सालिक गौतम

८) थानेश्वर गौतम

९) नर बहादुर रोका

१०) नेत्र राना

११) रन लामा

अनुच्छेद -२

# NRNA NCC NETHERLANDS
# गैरआवासीय नेपाली संघ, नेदरल्याण्ड

२०२३-२०२५ कार्यकालको लागी

# कार्ययोजना

# परिचय

नेपालको विकास र प्रवर्धनमा टेवा पुऱ्याउन र विस्वका विभिन्न मुलुकहरुमा बसोवास गरिरहेका गैरआवासीय नेपालीहरुको हकहितको पक्षपोषण गर्न सन २००३ मा गैरआवासीय नेपाली अभियन्ताहरुको भेलाले लण्डनमा गैरआवासीय नेपाली संघको स्थापना गरिएको हो। गैरआवासीय नेपाली संघको संगठन विस्तारको क्रममा राष्ट्रिय समन्वय परिषद नेदरल्याण्डको गठन २००६ मा भएको हो।

# महत्व

एनआरएनए अभियान सम्पुर्ण गैरआवासीय नेपालीहरुको  परिचय, अधिकार र कर्तव्य संग जोडिएको छ। यसको मेरुदण्ड भनेको हामी एनआरएनए सदस्यहरु हौं। तसर्थ हाम्रो आवस्यकता, क्षमता, सहभागिता, संलग्नता, सक्रियता र योगदानलेनै एनआरएन अभियानको सफलता र औचित्य पुष्टि हुन्छ।

# हाल सम्म प्राप्त उपलव्धिहरु

- **गैरआवासीय नेपाली नागरिकता:** गैरआवासीय नेपालीहरुको माग वंशजको नागरिकताको निरन्तरता हो। अग्रजहरुको निरन्तर पैरवीका कारण नेपाल सरकालरले गैरआवासीय नेपालीहरुलाई राजनैतिक बाहेकका अधिकार उपभोग गर्न पाउने गरि गैरआवासीय नेपाली ऐन र नियमावली लागु गरिसकेको छ। अब उप्रान्त, विदेशी नागरिकता लिनु भएका गैरआवासीय नेपालीहरुले गैरआवासीय नेपाली नागरिकता लिन सक्नु हुनेछ।
- **एनआरएन बैंक खाता:** गैरआवासीय नेपालीहरुले नेपालमा सहजरुपमा बैंक खाता खोल्न र आफुले विदेशबाट पठाएको रकम पु:न विदेशमानै फिर्ता ल्याउनु परेमा पनि मिल्ने गरि सहज कानुनी व्ययस्था बनेर लागु भैसकेको छ।
- **एनआरएनएहरुको लगानीको लागी सहज कानुनी व्यवस्था:** विदेशमा वसिरहेका गैरआवासीय नेपालीहरुले नेपालमा लगानी गर्ने र प्राप्त मुनाफ आफु बसेको देशमा फिर्ता लान पाउने सहज कानुनी व्यवस्था बनेर लागु पनि भैसकेको छ।

## एनआरएनए नेदरल्याण्डका गतिविधिहरु

- नेपालमा परोपकारी र आपतकालीन कामहरुमा सहयोग।
- नेपालको कला र संस्कृतिको प्रचार, प्रसार, जगेर्ना, समवर्धन र प्रवर्धन।
- One NCC, One Project अनुसार हरेक कार्यकालमा नेपालको विकासमा टेवा पुर्याउने रचनात्मक र नमुना प्रोजेक्टहरुको संचालन।

## हाम्रा लक्षहरु

**१ परोपकारी र आपतकालीन सहयोगका कार्यहरुको निरन्तरता,**

**२ नेपालको कला र संस्कृतिको प्रचार, प्रसार, जगेर्ना, समवर्धन र प्रवर्धनमा सक्रियताका साथ रचनात्मक कार्यक्रमहरु संचालन गर्ने,**

**३ One NCC, One Project लाई अझै नविनतम सोच र कार्यक्रमहरुको योजना बनाएर नेपालको विकास र समृद्धिमा टेवा पुर्याउने,**

## हाम्रा थप नयां लक्षहरु

४ Member Discounts **को लागी पहल**

- नेदरल्याण्ड स्थित Energy Providers हरु संग समन्वय र सहकार्य गरेर एनआरएनए सदस्यहरुको लागी Gas and Electricity मा छुटको लागी पहल गर्ने।
- साथै Insurance company हरु संग पनि सहकार्य गरेर छुटको व्यवस्था मिलाउन पहल गर्ने।

## ५ उद्दमशिलताको विकास र व्यवसायीकतामा अभिवृद्धि

- व्यवसायीक ज्ञान र सिपमुलक ट्रेनिंग, गोष्ठि र सेमिनारहरुको आयोजना गर्ने (Knowledge, Experience, Idea and Networking)।
- सामुहिक लगानी गर्न सकिने क्षेत्र र अवसरहरुको पहिचान गर्दै साना, मझौला वा ठुला व्यवसायहरुमा सामुहिक लगानीको लागी वातावरण तयार गर्ने।

## ६ नेपाल फुड फेष्टिवलको आयोजना

- नेदरल्याड स्थित नेपाली रेस्टुरेन्टहरु, नेपाली सेफ र कुकहरु संग सहकार्य र समन्वय गरेर हरेक वर्ष '**नेपाल फुड फेष्टिवल**' को आयोजना गर्ने।

## ७ युवापिंडिलाई खेलकुद, अध्ययन र रिसर्चमा उत्प्रेरित गर्ने

- हाल नेदरल्याण्डको नेपाली समुदायमा युवापिंडिको फुटवलमा बढि लगाव र सक्रियता देखिएको छ। उनिहरुको लागी व्यवसायीक प्रशिक्षणको आयोजना गरेर अझै उत्प्रेरित गराउने र क्षमता अभिवृद्धिमा सहयोग गर्ने।
- अन्य खेलकुदहरुमा पनि संलग्न हुन युवाहरुलाइ अभिप्रेरित गर्ने कार्यक्रमहरु ल्याउने।
- विधालय र विस्वविधालयहरुमा हुने अध्ययन अध्यापनहरु र रोजगारी र स्वरोजगारीका अवसरहरुको बारेमा विज्ञहरुलाई आमन्त्रण गरेर करियर काउन्सेलींग सेमिनारहरु संचलान गर्ने।

## ८ नेपाल हाउस वा नेपाली पार्टी प्यालेस संचालनमा पहल गर्ने नेपाल हाउस स्थापनाको लागी संभाव्यता अध्ययन गर्ने र वैकल्पिक उपायहरुको बारेमा पनि अध्ययन अनुसन्धान गर्ने।

- वैकल्पिक उपाय: पार्टि प्यालेस स्थापना र संचालन गर्ने। जसका लागी निम्न विकल्पहरुको बारेमा समुदाय स्तरमानै छलफल गररे निर्णयमा पुग्ने,
- सहकारी स्थापना गरेर सहकारी मार्फत वा,
- BV स्थापना गरेर संयुक्त लगानीमा।

**९ डच कन्सुलर सेवालाई दिल्लीबाट काठमाडौँ फर्काउन पहल गर्ने**

- विगत केहि वर्ष देखि काठमाण्डौ बाट हुंदै गइरहेको डच कन्सुलर सेवालाई दिल्ली स्थित डच दुतावासमा स्थान्तरण गरेकोले नेपाली समुदायलाई साहैं असहज र दुख भैराखेको छ। तसर्थ उक्त सेवालाई काठमाडौँ स्थित डच कन्सुलर अफिसमानै पु:न स्थान्तरण गर्नको लागी नेपाल सरकारको संवन्धित निकाय, नेपाली राजदुतावास, नेपाली कन्सुलर अफिस र डच कन्सुलर अफिस संग सहकार्य र समन्वय गरेर पहल गर्ने।

**१० नेपाली राहदानीको घुम्टि टोली संचालन गर्ने**

- नेदरल्याण्डमा वसोवास गर्ने गैरआवासीय नेपालीहरु र विधार्थीहरुलाई नेपाली राहदानी नविकरणको लागी नेपाली राजदुतावास ब्रसेल्स र डच कन्सुलर अफिस संग सहकार्य र समन्य गरेर नेदरल्याण्डमा राहदानीको घुम्टि टोलीको व्यवस्था मिलाउने।

**११ KNOW NEPAL वा NEPAL DAY को आयोजना गर्ने**

- नेपालका पर्यतन क्षेत्रको प्रचार प्रसार, प्रवर्धन र विकास; सामाजीक कार्यहरुमा थप सहयोग अभिवृद्धि साथै लगानी (Investment) प्रवर्धन गर्नको लागी नेपाली राजदुतावास, नेपाली कन्सुलर अफिस, नेदरल्याण्ड स्थित नेपाली संघ संस्थाहरु, नेपाल प्रेमी डच नागरिकहरु द्वारा स्थापित संघ संस्थाहरु र ट्राभल एजेन्सिहरु संग सहकार्य र समन्वय गरेर 'KNOW NEPAL' वा 'NEPAL DAY' आयोजना गर्ने।

उपर्युक्त कार्ययोजनाहरुको सफल कार्यन्वयनका लागी सहयोग र सहकार्यका लागी गैरआवासीय नेपाली संघ नेदरल्याण्ड यहां स्थित सम्पुर्ण संघ संस्थाहरु र गैरआवासीय नेपाली समुदायलाई हार्दिक अनुरोध गर्दछ।

**धन्यवाद !**

***For Nepali By Nepali***

***नेपालीका लागि नेपाली***

www.nrna.nl